# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं. २०७६/७७
च.नं. ८०४६

मिति: २०७७/०३/२५

विषय – बहाल कर छुट सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,

प्रस्तुत सम्बन्धमा कोरोना भाइरस कोभिड-१९ को विश्वव्यापी महामारीलाई मध्यनजर गरी नेपाल सरकारको मन्त्रीस्तरको निर्णयको आधारमा वि.सं. २०७६ चैत्र १२ गते देखि सम्पूर्ण देश नै बन्दाबन्दीको अवस्थामा रहेको छ । उक्त बन्दाबन्दीको कारणले चैत्र महिना देखि नै विभिन्न व्यवसाय, उद्योग तथा प्रतिष्ठान बन्द अवस्थामा रहेको छ । उक्त अवस्थालाई मध्यनजर गरी भरतपुर महानगरपालिका भित्र आफ्नो घर तथा जग्गा बहालमा लगाउनु भएको केही घर तथा जग्गा धनीहरूले आफ्नो घर/जग्गामा सञ्चालित व्यवसाय, उद्योग र प्रतिष्ठानलाई अवधि तोकेर घर भाडा वा जग्गा भाडा छुट दिनु भएको छ भने सम्बन्धित घरधनीको निवेदनको आधारमा सम्बन्धित वडाको वडा अध्यक्षले प्रमाणित गरी घर/जग्गा बहाल छुट भएको अवधिको बहाल कर छुट दिनको लागि यस कार्यालयको निर्णयानुसार अनुरोध छ ।

Aghimire
2066/3/25
..................
(अनुज घिमिरे)
अधिकृतस्तर सातौं

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषदबाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)
"मध्य नेपालको सुन्दर शहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर"